मितिः-२०८२/१/२३ गते गाँउपालिका अध्यक्ष श्री कमल बहादुर गडसिला ज्यूले शभामा पेश गर्नु भएको बोगटान फुडसिल गाँउपालिकाको आर्थिक बर्ष २०८२/८३ को निती तथा कार्यक्रम

कमल बहादुर गडसिला
अध्यक्ष

CamScanner

# अठारौ गाउँसभामा प्रस्तुत आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम

यस गरिमामय गाउँसभाका उपस्थित उपाध्यक्षज्यू, सचिव ज्यू, सदस्य ज्यूहरु, सञ्चारकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु।

आज हामी बोगटान फुडसिल गाउँपालिकाको १८ औ गाउँसभामा उपस्थित भएका छौ । यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका बासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८२।८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ ।

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन्। संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको नीति नियमको परिधिभित्र रही आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

कमल बहादुर गडसिला
अध्यक्ष

CamScanner

सिमित स्रोत साधनको महत्तम उपयोग गरी गत आर्थिक बर्षमा हामीले हासिल गरेका उपलब्धीहरु वुँदागतरुपमा उल्लेख गर्ने अनुमती चाहन्छु ।

१. गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विषयका कानुनहरु निर्माण गरी कार्यान्वयन गरेका छौं।

२. गाउँपालिकाको मुख्य प्रशासनिक भवनको निर्माण कार्य अगाडि बढेको छ।

३. आवश्यक पर्ने प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्था गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइएको छ ।

४. स्वास्थ्य संस्थाहरुमा औषधी तथा ल्याबको व्यवस्था गरिएको छ ।

५. न्यायिक समिति मार्फत विभिन्न उजुरीहरुको किनारा लगाउने काम भएको छ ।

६. कृषिको उत्पादकत्व वढाउन किसानहरुको मनोबल बढाउन कृषि भ्रमण तथा विभिन्न कृषि सामग्री तथा विउ विजन वितरण गरिएको छ ।

७. सडक संजालबाट सम्पूर्ण वडाहरुलाई जोड्ने कार्य भएको छ । र विभिन्न स्थानमा ट्र्याक खोल्ने तथा सडकको स्तरोन्नतिका कामहरु भईरहेका छन्।

८. नेपाल बिद्युत प्राधिकरणले राष्ट्रिय प्रशारण लाईन बिस्तार गर्ने कार्य अगाडी बढेको छ। पालिकाको केन्द्रसम्म राष्ट्रीय प्रशारण लाईनको बिस्तार भई प्रयोगमा आईसकेको छ ।

९. विभिन्न स्थानमा एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी जनतालाई घरदैलोमा सेवा पुर्याउने प्रयास गरिएको छ ।

१०. सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरी रोजगारी सिर्जनाको प्रयास थालिएको छ ।

११. स्वास्थ्य चौकि नभएका ठाउँहरुमा स्वास्थ्य चौकि भवन निर्माणको कार्य भएका छन् र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन र नागरीकलाई स्वास्थ्य सेवाबाट बञ्चित हुनबाट रोकन बिभिन्न वडाहरुमा सामुदायिक स्वास्थ्य ईकाईको स्थापना गरिएका छन।



कमल बहादुर [illegible]
अध्यक्ष

१२. १ नम्बर वडालाई बालमैत्रि स्थानिय शासन घोषणा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

१३. पालिका स्तरिय खेलमैदान निर्माण कार्यका लागी आवश्यक बजेटको ब्यवस्था गरीएको छ।

१४. यस पालिकाको गौरवको योजना SR-6 जाने बाटो निर्माण सम्पन्न भएको छ।

१५. बिद्यालयहरुको समायोजन र दरबन्दी मिलान गर्ने कार्य जारी रहेको छ।

१६. पालिकाको सडक गुरुयोजना,भू-उपयोग योजना, क्षमता बिकास योजना, राजश्व सुधार योजना आदीको निर्माण गरी कार्यान्वयनमा ल्याईसकेको छ।

१७. महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत बिभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन भएका छन।

१८. यस पालिकामा कार्यरत बिभिन्न गैरसरकारी संघसंस्थाहरुको सहकार्यमा बिभिन्न कृयाकलापहरु संचालन भएका छन।

१९. खरमूक्त पालिका घोषणाका लागी कार्यक्रम निरन्तर संचालनमा रहेको छ।

२०. यस पालिकामा कृषकले उत्पादन गरेको अदुवा बजारसम्म ढुवानि गर्न अनुदानको ब्यवस्था गरिएको छ।

२१. पालिकामा आँखा उपचार केन्द्रको स्थापना गरिएको छ।

२२. यस पालिकामा स्थायी ठेगाना भएका राष्ट्रीय तथा अन्तर्राष्ट्रीय ख्याति प्राप्त खेलाडीहरुलाई नगद सहित सम्मान गरिएको छ।

कमल बहादुर गडसिला
अध्यक्ष

**गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## क. आर्थिक विकास

१. बाख्रापालन गर्ने किसानहरुका लागि प्रदान गरिदै आएको अनुदान लाई निरन्तरता दिई व्यवसायिक बाख्रापालनलाई जोड दिइनेछ ।

२. गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन "एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन" को नीति लिइनेछ ।

३. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वोरोजगारका अवसर सृजना गर्न "उत्पादन साथमा अनुदान हातमा" भन्ने नीति लिइनेछ ।

४. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नवालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गर्दै ती स्थानहरुमा व्यवसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

५. व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, सडक, विद्युतीकरण, कृषि बजार, शित भण्डारहरुको पूर्वाधार निर्माण गरिनेछ ।

६. बाँझो जग्गालाई उपयोगमा ल्याई कृषिजन्य उत्पादन वृद्धि गर्न व्यवसायिक खेती, नगदे वाली घाँस खेती लगायतका अन्य जडिवुटी प्रवर्द्धन कार्यक्रमलाई विशेष सहयोग उपलब्ध गराई १० हजार सुन्तला जातका बिरुवाहरु सहितको बगैचा निर्माण गर्नका लागी प्रदेश सरकार र संघ सरकार संग सहकार्य गरी अगाडी बढाईनेछ।

७. पशुपंक्षी व्यवसायमा आत्मनिर्भर बनाउनको लागि नश्ल सुधार कार्यक्रम, बाझोपन निवारण घुम्ती शिविर, पशुपन्छी उपचार कार्यक्रम, निशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ । उन्नत जातको गाई भैंसी उत्पादन गरी दुग्ध

अध्यक्ष

उत्पादनमा वृद्धि गर्न मागमा आधारित विभिन्न जातको घाँसको बिउ र बेर्ना वितरण गर्ने व्यवस्था मिलाइनेछ।

८. कम्तिमा १० ओटा भैसि पालि ब्यवशायीक कृषि गर्ने किसानलाई गोठालो भत्ता उपलब्ध गराईने ब्यवस्था गरिनेछ।

९. पशुपालक कृषकहरूको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवस, प्रदर्शनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिनेछ।

१०. कृषक तथा पशुपालक किसानलाई अपनत्व बोध गराउन गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई लागत सहभागिताको आधारमा वितरण गरिने व्यवस्था मिलाईने छ।

११. कृषक पाठशालालाई निरन्तरता दिईनेछ धान, गहुँ र मकै जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरुको उन्नत विउ एवम् कृषि यन्त्र वितरण लगाएतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। सिचाईको पहुँच पुयाउन साना सिंचाई योजना तथा पोखरी मर्मत तथा विस्तार गरि सिंचित क्षेत्रफलको विस्तार गरिदै लगिनेछ।

१२. बेमौसमी तरकारी खेति उत्पादनको लागि हाइटेक प्लाष्टिक टनेल बनाउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ। हरेक किसानले प्राविधिक सेवा पाउने कुराको ग्यारण्टी गरिनेछ। कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ। साथै पालिकामा एउटा हाईटेक नर्सरीको स्थापना गरिनेछ।

१३. उन्नत जातका बिरुवाहरु जस्तै:- बोधिचित्त,रुद्राक्ष,रक्तचन्दन जस्ता बहुमूल्य बोरुवाहरु खरीद गरी बितरण गरिनेछ।

१४. सरकारबाट दिइने अनुदानमा सहकारी तथा सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिइनेछ।

कमल बहादुर गडसिला
अध्यक्ष

१५. कृषकको योगदानलाई सम्मान गर्दै कृषकको मनोवल उच्च राख तथा कृषिलाई आकर्षक एवं सम्मानित पेशाका रुपमा स्थापित गर्न पुरुस्कारको व्यवस्था गरिनेछ।

१६. कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्बन्धमा रोकथाम तथा नियन्त्रणको नीति अबलम्बन गरिनेछ ।

१७. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ । कृषि तथा पशुजन्य अनुदान कार्यक्रम कृषि सहकारी मार्फत संचालन गर्न जोड दिइनेछ ।

१८. यस पालिकाको पर्यटकीय क्षेत्रको रुपमा रहेका स्थलहरुको विकास गर्ने गरी पर्यटकीय गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१९. कृषिजन्य उत्पादन बृद्धि गरि आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागी एक गाउँ एक उत्पादनको अवधारणालाई निरन्तरता दिईनेछ ।

२०. किसान सूचीकरण कार्यलाई निरन्तरता दिई कृषकहरुको तथ्यांक अध्यावधिक गर्ने कार्यलाई प्राथमिकताको साथ अगाडि बढाईने छ।

२१. फलफूलको उत्पादन बृद्धि, मौरी चरन तथा गाउँको पर्यावरणमा हरियाली बनाउनका लागी व्यवसायिक फलफूल खेती कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

२२. कृषि सम्बन्धी ज्ञान तथा सिप हासिल गरेका गाउँमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गरिने छ ।

२३. तरकारी तथा फलफूलमा गाउँलाई आत्मनिर्भर बनाउदै लैजानका लागि अनुदानका कार्यक्रम संचालन गरिने छ ।

२४. बेरोजगारहरुको सम्भावित पक्तिलाई सूचिकरण गरी व्यवसायिक कृषि, भौतिक पूर्वाधार, स्थानिय पूर्वाधार, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ ।

कमल बहादुर गर्ति... 6
अध्यक्ष

CamScanner

२५. विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, कृषि लगायतको क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिने छ।

२६. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्याक्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराइनेछ।

२७. घरेलु तथा साना उद्योग स्थापनामा जोड दिदै स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी आर्थिक वृद्धि हासिल गर्ने नीति अवलम्बन गरिनेछ।

२८. एकिकृत भई आएका सहकारी मार्फत बेरोजगार युवा तथा महिलालाई आत्मनिर्भर बनाउन एकीकृत कृषि, उद्योग तथा व्यापारको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

२९. बोगटान फुडसिल गाउँ र गाउँ भन्दा बाहिर कार्यक्षेत्र भएका वा प्रदेश कार्यक्षेत्र भई बोगटान फुडसिल गाउँमा संचालित सहकारी संस्थालाई नियमित अनुगमन गरिने व्यवस्था मिलाइने छ।

३०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आएको बजेटमा गाउँपालिकाले साझेदारी गर्ने नीतिलाई निरन्तरता दिनेछ।

## ख. सामाजिक विकास

३१. सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम शिक्षा क्षेत्रलाई अगाडी बढाइनेछ। विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई "विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने" कार्यलाई प्रोत्साहनमूलक कार्यक्रम सहित अभियानका रुपमा संचालन गरिनेछ।

कमल बहादुर गडशिला
अध्यक्ष



CamScanner

३२. आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

३३. शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र साझेदारी गरी गुणात्मक शिक्षाको अभियानलाई तिव्रताका साथ कार्यान्वयन गरिनेछ ।

३४. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्थापन गरिनेछ। शिक्षकहरुको विज्ञताको उच्च कदर एवं विद्यालयको आवश्यकताको महशुस गर्दै शिक्षकहरुलाई दरबन्दी अनुसार गाउँपालिका भित्र कामकाजमा खटाउने नीति लिइनेछ ।

३५. विद्यालय बाहिर रहेका र बीच मै विद्यालय छोड्ने वालवालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज संचालन गरिनेछ ।

३६. पालिकामा रहेका टुहुरा,गरीब,दलित,जनजाति तथा जेहेन्दार बालबालिकाको शिक्षामा सजिलै पहुँच पुर्याउन एक बिद्यालयलाई आवासिय बिद्यालयको रुपमा बिकास गरि निशुल्क आवास सहित पठनपाठनको ब्यवस्था गरिनेछ।

३७. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको लागि व्यवसायिक क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३८. विद्यालयलाई सूचना प्रविधियुक्त बनाउने कार्यको थालनी गरिनेछ । कक्षा कोठामा गरिने शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई महत्व दिदै प्रविधिमैत्री शिक्षकहरुबाट अन्य शिक्षकहरुमा सीप हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ । .शिक्षण कार्यलाई सूचना प्रविधि मैत्री बनाई पाठयोजना र शैक्षिक सामग्री सहितको शिक्षणलाई प्रोत्साहन गरिने छ ।

३९. विद्यालयको शैक्षिक गुणस्तर परिक्षण सिकाई उपलब्धि वृद्धी र प्रविधिमैत्री शिक्षणलाई आधार मानी उत्कृष्ट विद्यालय र शिक्षकहरुको मूल्यांकन गरी

कमल बहादुर गडसिला
अध्यक्ष



CamScanner

पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ साथै अनुभव आदानप्रदानका लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

४०. वालवालिकाहरुको सिकाइ क्रियाकलाप अभिवृद्धि गर्न विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सुचना प्रविधिको व्यवस्था गरिने छ ।

४१. स्थानीय पाठ्यक्रममा सुधार एवम् विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ ।

४२. विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था गरिने छ। विद्यालयमा जङ्कफुड' निषेध गर्दै प्राथमिक तहका बालबालिकाहरुलाई निशुल्क, स्वच्छ र स्वास्थ्यवर्धक खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४३. पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म रमाइलो र सजावटयुक्त वालमैत्री कक्षा व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।

४४. विद्यालयमा अध्ययनरत सबै छात्राहरुलाई नि:शुल्क रुपमा उपलब्ध गराउँदै आईरहेको आवश्यक पर्ने सेनेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४५. शारीरिक रूपमा स्वस्थ, मानसिक तवरले शान्त र अध्यात्मिक रूपमा उच्च चेतनायुक्त भएर जिउने कला सिकाउन यसै आर्थिक बर्ष देखि कम्तिमा एक बिद्यालयमा योग शिक्षकको ब्यवस्था गरिनेछ।

४६. लोकसेवा आयोगका बिभिन्न प्रतिस्पर्धामा सहभागि हुन चाहने यस पालिकाका युवाहरुका लागी लोकसेवा कक्षा संचालन गरिनेछ।

४७. "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" अभियानलाई सार्थक बनाउन बोगटान फुडसिल गाउँपालिका अन्तरगत खेलका खेल पूर्वाधार निर्माणको कार्य सुरुवात गरिनेछ । युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहित गर्न विद्यालय स्तरीय, वडा स्तरिय तथा पालिका स्तरिय खेलकुद प्रतियोगिता संचालन गरिनेछ।

कमल बहादुर गड्डीराला
अध्यक्ष

४८. खेलकुदलाई व्यवस्थित र मर्यादित बनाउनको लागि गाउँ स्तरीय खेलकुद समिति व्यवस्था गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

४९. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइनेछ ।।

५०. आँखा अपरेशन, पाठेघर सम्बन्धी रोग जस्ता रोगहरुको उपचारका लागि आवश्यकता अनुसार प्रत्येक वडामा घुम्ती शिविर संचालन गरिनेछ ।

५१. आर्थिक रुपमा अति विपन्न नागरिकहरुको स्वास्थ जाँच र उपचारका लागि अस्पताल लैजान-ल्याउन एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ । पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा सुत्केरी हुन नसकेका महिलाहरुलाई अन्यत्र स्वास्थ्य संस्था वा अस्पताल लैजादा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्थापन गरिनेछ ।

५२. सुरक्षित सुत्केरी गराउन सबै स्वास्थ्य संस्थाहरुलाई बर्थिङ सेन्टरका रुपमा स्तरोन्नती गर्दै लगिनेछ ।

५३. महिला स्वयंसेविकाहरुको क्षमता विकासको लागि तालिम उपलब्ध गराई नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुर्याउन महिला स्वयंसेविकाहरुलाई परिचालन गरिनेछ ।

५४. स्वास्थ्य संस्थाको प्रभावकारी सेवा विस्तारको लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीति अंगीकार गरिनेछ ।

५५. खोप तथा गाउँघर क्लिनिक संचालन गर्न आवश्यक पर्ने भवन निर्माणका लागि पहल गरिनेछ।

५६. हजार दिनका आमाहरुको स्वास्थ्यलाई ध्यानमा राखी पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

अध्यक्ष

५७. . बाल बालिकाहरुको खोप कार्यक्रम लाई प्रभावकारी रुपले संचालन गरि प्रत्येक वर्ष पुर्ण खोप सुनिश्चितता निरन्तरता दिइने छ। खोप क्लिनिक, कोल्ड चेन सेन्टर थप व्यवस्थित गरिने छ।

५८. क्षयरोग मुक्त बोगटान फुडसिल अभियान सफल पार्न माइक्रोस्कोपि क्याम्प संचालन गरि समुदायमा रहेका बिरामीको पहिचान गरी उपचार गरिनेछ।

५९. गुणस्तरिय स्वास्थ्य सेवा पाउने नागरिकको हकलाई सुनिश्चित गर्दै यस बोगटान फुडसिल गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाबाट प्रदान गर्दै आएको स्वास्थ्य सेवालाइ गुणस्तर नियमन तथा अनुगमनको संस्थागत व्यवस्था मिलाइ प्रदान गर्दै आएको सेवाहरुको अनलाइन इन्ट्रि रिपोर्टिङ गर्ने व्यवस्था थप प्रभावकारी बनाईने छ।

६०. आयुर्वेदिक तथा होमियोप्याथि लगायतका बैकल्पिक चिकित्सा सेवालाई विकास तथा विस्तारमा प्रोत्साहान गरिनेछ साथै औषधीको अनुचित प्रयोगलाई निरुत्साहित गरिनेछ।

६१. गाउँ भित्रका स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रको पुनःसंरचना गरिनेछ।

६२. सबै स्वास्थ्य संस्थाहरुमा व्यवस्थित सेवा सञ्चालन गरिनुका साथै स्वास्थ्य चौकी नभएका वडाहरुमा सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण गरी सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

६३. महिला स्वास्थ्य स्वयम सेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गरिनेछ। महिला स्वास्थ्य स्वयंम सेविकाहरुले गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंम सेविकाकाहरुलाई सम्मानको ब्यवस्था गरिनेछ।

६४. २५. गाउँपालिकाभित्र दिर्घरोगिहरुको संख्या न्यूनिकरण गर्न एन्टी रेविज भ्याक्सिनलाई निरन्तरता, कुष्ठरोग खोजपडताल कार्यक्रम, हैजा विरुद्धको खोप,

कमल बहादुर गडसिला
अध्यक्ष

आँखा शिविर, क्यान्सर शिविर तथा महिलाको लागि पाठेघर स्क्रिनिङ्ग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

६५. ७ वटै वडामा आयुर्वेद सम्बन्धी बिभिन्न कार्यक्रम संचालन गरी गरी सेवा प्रदान गर्ने नीति लिइनेछ।

६६. गाउँपालिकाका भित्र पर्याप्त रुपमा स्वच्छ, गुणस्तरीय, सुरक्षित, भरपर्दो र व्यवस्थित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराई जनस्वास्थ्य र वातावरणीय स्वच्छताको संरक्षण, सम्वर्द्धन र नियमन गर्ने नीति लिइनेछ।

६७. यस पालिकाको बढ्दो बसाईसराईका कारण गाँउ तथा टोलहरुमा मलामि जाने मान्छेहरु समेत नभेटिने समस्यालाई ध्यानमा राखि यस बर्षबाट पालिकाले न्युन्तम दस्तुरमा शव बाहनको ब्यवस्था गर्न ट्रयाक्टर खरिद गरि संचालन गर्नेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

६८. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरुको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको प्रभावकारी व्यवस्था मिलाइनेछ।

६९. अपांग र बालवालिका लक्षित कार्यक्रमहरु सम्बन्धित लक्षित समुदायको परामर्शमा तय गरी प्रभावकारी रुपमा लागु गरिनेछ।

७०. अपाङ्ग, ज़ेष्ठ नागरिक परिचयपत्र घुम्ती शिविर सञ्चालन गरी वडास्तर बाट वितरण गरिने व्यवस्था मिलाईनेछ।

७१. महिलाहरुको सशक्तिकरणका लागी "महिलासँग उपाध्यक्ष कार्यक्रम मार्फत विपन्न, बेरोजगार, पिछडिएका महिलालाई उद्यमि बनाउनको लागि सिपमुलक तालिम प्रदान गर्नुका साथै आवश्यक प्रविधि एवम् उपकरणहरु सहयोग गरिने व्यवस्था मिलाइनेछ।

७२. जेष्ठ नागरिक र अपाङ्ग नागरिकको भावनालाई कदर गर्दै जेष्ठ नागरिक र अपाङ्गमैत्री वातावरणको सिर्जना गरी हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरि आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

कमल बहादुर गजुरेल
अध्यक्ष

७३. वडा समिति, आमा समूह, स्थानीय युवा क्लब,युवा संजाल, समुदाय र सुरक्षा निकायको सहकार्यमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम मार्फत समाजमा विद्यमान समस्याको रुपमा देखिएको लागु पदार्थ सेवन र दुर्व्यसन जस्ता कार्यक्रम न्यूनिकरणका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. वडा तथा गाउँस्तरीय बाल क्लब तथा किशोरकिशोरी संजालको क्षमता विकासको लागि विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

७५. लैंगिक मैत्री, बालश्रममुक्त तथा बालमैत्री, अपांगता मैत्री, ज्येष्ठ नागरिक मैत्री गाउँ बनाउने अभियान संचालन गरिनेछ ।

७६. महिला हिसां पिडित, असहाय तथा अपागं भएका नागरीकहरुको उद्दारका लागी एक कोषको ब्यवस्था गरिनेछ।

७७. जनजाति, दलित, अशक्त तथा विपन्न समुदायलाई लक्षित गरी उनीहरुको उत्थान एवम् क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइ संचालन गरिने छ ।

७८. लैंगिक तथा घरेलु हिंसा, यौन शोषण लगाएत जोखिममा परेका बालबालिका, अपांगता, एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरी सशक्तीकरणका माध्यमबाट मूल प्रवाहमा ल्याइने छ।

७९. परम्परागत पेसा, सीप र व्यवसायलाई प्रोत्साहन गरी गरिबी न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै लगिनेछ ।

८०. पालिकाबाट प्रदान गरिने सेवाहरूमा असहाय, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवति सुत्केरी र अशक्तलाई सेवामा प्राथमिकता दिइनेछ ।

८१. महिला हिंसाको कारण पहिचान, महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धिमा गैर सरकारी संस्था, निजी क्षेत्र र टोल विकास समिति सँग समन्वय र सहकार्य गरिनेछ ।

कमल बहादुर गडरीला
अध्यक्ष

८२. बालबालिकाको रुची, चाहाना, इच्छा, कला, क्षमता र उमेर अनुसारको अतिरिक्त क्रियाकलाप तथा जीवन उपयोगी सीपसँग सम्बन्धीत कार्यक्रम सञ्चालनमा जोड दिइनेछ

८३. अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी आय आर्जन मार्फत आत्मनिर्भर बनाउने नीति लिइनेछ।

८४. आय आर्जनका गतिविधि बढाउन महिला तथा आमा समूहहरुलाई प्रोत्साहन गरिनेछ।

८५. गाउँ भित्रका महत्वपूर्ण गन्तव्य स्थलको रुपमा रहेको बोगटान फुडसिल क्षेत्रको इतिहास, भूगोल, धर्म र संस्कृति झल्कने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ।

८६. पर्यटन पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न बोगटान फुडसिल गाउँपालिकामा आदिवासी जनजातिको रुपमा बसोबास गर्दै आएका समुदायको संस्कृतिको संरक्षण र संबर्धन गर्न आवश्यक कार्यक्रम आयोजना गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

## ग. पूर्वाधार विकास

८७. गाउँपालिका क्षेत्र भित्र तथा बाहिर यातायातको सुविधा पुर्याउन यातायात गुरुयोजना तयार भईसकेकोले सोहि अनुसार कार्य अगाडी बढाईनेछ।

८८. योजनाको फर-फारक गर्ने चाप आर्थिक वर्षको अन्तिम चौमासिकमा बढी पर्दै गएको कारण त्यसमा न्यूनिकरण गर्न बजेट कार्यान्वयन कार्यतालिका बनाई लागू गरिनेछ।

८९. विकास प्रक्रियालाई दिगो, भरपर्दो र वस्तुपरक बनाउन संचालित योजना तथा कार्यक्रमको अनुगमन एवं मुल्यांकन पद्धतिलाई नतिजामूलक बनाइनेछ।

९०. सडक गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई अगाडि बढाइनेछ।

कमल बहादुर गडरिला
अध्यक्ष

९१. योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्रै सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ आवश्यक पहल गरिनेछ ।

९२. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित बनाइनेछ ।

९३. गाउँको व्यवस्थित बस्ति निर्माणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणबद्धरुपमा तालिमको ब्यवस्था गरिनेछ ।

९४. विद्युतको राष्ट्रिय प्रशारण लाइन जडान गर्न नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण केन्द्रसँग समन्वय गरी समयमै भईरहेको काम सम्पन्न गरिनेछ ।

९५. जटिल प्रकृतिका आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई सम्पन्न गरिनेछ ।

९६. उपभोक्ता मार्फत सञ्चालन गरिने योजनाहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकासको तालिम सञ्चालन गरिनेछ ।

९७. उपभोक्ता समितिबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका योजनाहरुमा जन सहभागिता हुने गरी योजना सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।धिर्कामाण्डौ, सातफरी र चवराचौतारामा रहेको लघु जलविद्युत र गराजुमा रहेको सौर्य उर्जा लाई नियमित संचालनको लागी आवस्यक मर्मत सम्भारको निरन्तरता दिइनेछ ।

## घ. वन, वातावरण तथा विपद व्यवस्थापन

९८. "वृक्षारोपण गरौं: वन जोगाऔ" भन्ने अभियान संचालन गर्दै बाढी पहिरो तथा भुक्षय सम्भावित क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।



कमल बहादुर गडरिया
अध्यक्ष

९९. सामुदायिक वनमा हुने चोरी निकासी र अनावश्यक रुख कटानलाई नियन्त्रण गर्न गाउँपालिकाले नियमनकारी भूमिका खेल्नेछ। बहुमुल्य जडिबुटीको पहिचान तथा संकलन गरी बजारीकरणमा जोड दिइनेछ।

१००. सामुदायिक वन भित्र रहेका सल्ला लगायतका रुखहरुले उक्त क्षेत्रमा अन्य रुख विरुवा नउम्रिने र त्यसका कारण जमिनको उर्वरशक्ति समेत ह्रास भएकोले त्यस्ता जंगल क्षेत्र पहिचान गरी रुख कटान र वृक्षारोपण गरिने नीति लिइनेछ।

१०१. जलवायू परिवर्तनको प्रतिकूल प्रभावहरुलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने, खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायू उत्थानशीलता वृद्धि गर्ने, न्यून हरित ग्यासँ उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।

१०२. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारहरुको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ।

१०३. ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१०४. विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायू परिवर्तन उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनिकरण, प्रतिकार्य र पुनस्थार्पनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१०५. सामुदायिक वनमा रहेको कोषको परिचालनलाई प्रभावकारी बनाउन अनुगमन प्रणालीको विकास गरिनेछ। सामुदायिक वनबाट संकलन भएको राजश्वको कम्तीमा १० प्रतिशत रकम पालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने नीति लिइनेछ।

१०६. बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान तथा लत्ता कपडा उपलब्ध गराउनको लागि आवश्यक व्यवस्था गरिनेछ।

कमल बहादुर गडरिला
अध्यक्ष

१०७. गाउँ क्षेत्रभित्र रहेका सार्वजनिक स्थल र नदी किनारहरुमा स्थान अनुकूल वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ।

१०८. जीविकोपार्जनका लागि वनजंगलको अवधारणालाई सार्थक तुल्याउन गाउँपालिकाभित्र रहेका सामुदायिक वनमा नकारात्मक प्रभाव नपर्ने गरी कार्ययोजना बनाइ सामुदायिक तथा निजी क्षेत्रको लगानीमा पार्क र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ

१०९. सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आयआर्जन हुन सक्ने जडिबुटी, काठ, दाउरा, घाँसका लागि बहुमूल्य बोट विरुवाहरुको वृक्षरोपण गर्न प्रेरित गर्दै लगिनेछ।

## ङ. सुशासन तथा सेवा प्रवाह

११०. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की र बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछयौट गर्ने कार्य अगाडी बढाईनेछ।

१११. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणामुखी बनाईनेछ।

११२. गाउँपालिकाको कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माण सम्बन्धी कार्यमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शीता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति.अख्तियार गरिनेछ।

११३. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा सफ्टवेयर प्रणाली निर्माण गरी कागज विहिन प्रणाली बनाउन विद्युतिय प्रणालीलाई जोड दिइनेछ।

११४. नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११५. सार्बजनिक खरिद तथा नियमावलिको अधिनमा रहि गत अर्थिक बर्ष देखि लागू भएको एकद्वार प्रणालीबाट भईरहेको खरिद कार्यलाई निरन्तरता दिईनेछ। तर अति आवश्यक पर्ने औषधि तथा मसलन्द सामग्रीहरु कार्यालयको सहमतिमा शाखा तथा वडाहरुलाई खरीद गर्न कार्यादेश दिने ब्यवस्था मिलाईनेछ।

११६. नियमित रुपमा सार्वजनिक सुनुवाई सामाजिक परीक्षण गर्ने प्रबन्ध मिलाईनेछ । सुचनाको हक प्रत्याभुत गराउन सुचनाको वर्गिकरण गरि नियमित रुपमा गाउँपालिकाको आधिकारिक वेवसाईट मार्फत सुचना प्रकाशन गरिनेछ ।

११७. सञ्चारकर्मीलाई उच्च मनोबलका साथ जनतालाई सुसुचित गर्न प्रोत्साहन गरिनेछ ।

११८. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ जसको लागि एम.आई.एस. अपरेटर, फिल्ड सहायक वडा सचिव तथा अन्य कर्मचारी सेवा प्रदायकलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

११९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना कार्यान्वयन गर्न प्रत्येक वडामा दर्ता शिविर सञ्चालन गरिनेछ ।

१२०. उपभोक्ताहरुको हितलाई मध्येनजर राखि गुणस्तरीय उपभोग्य वस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमन गर्ने कार्य अगाडि बढाईनेछ।

१२१. वडाको क्षेत्रफल, जनसङ्ख्या, भौगोलिक विकटता, आन्तरिक राजश्व समेत आधार मानी वडागत बजेट तथा सिलिङ निर्धारण र विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासको नीतिलाई निरन्तरता दिईनेछ ।

१२२. करको दर कम र दायरा फराकिलो बनाउन प्रगतिशिल कर प्रणाली लागु गरिनेछ ।

कमल बहादुर गडशिला
अध्यक्ष

१२३. गाँउघर समाजमा उत्पन्न विवादको सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ता मार्फत सम्भव भएसम्म दुवै पक्षलाई मेलमिलाप र समझदारी गराई विवाद निरुपण गरिनेछ।

१२४. न्याय प्रणालीलाई पहुँचयोग्य र सरलिकृत गरी न्यायिक समितिमा दर्ता भएका मुद्दाको निष्पक्ष छानविन गरि न्याय निरुपण गरिनेछ।

१२५. न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ।

१२६. सुशासन प्रबर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि "म भ्रष्टचार गर्दिनँ, म भ्रष्टचार हुन दिन्नँ, म देश र जनताका लागि ईमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गरिनेछ।

१२७. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख वीच कार्यसम्पादन सम्झौता गरिनेछ। कार्यालय अन्तर्गत रहने शाखा, उपशाखा एवं कर्मचारीको कार्यविवरण स्वीकृत गरी कार्यान्वयनमा लगिनेछ।

१२८. आन्तरिक आयलाई व्यवस्थापन गरी राजश्व परिचालनलाई थप प्रभावकारी बनाउन जोड दिइनेछ। गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१२९. बेरुजु रकमलाई शुन्यमा झार्न "बेरुजु हटाउः बेरुजु घटाउ" भन्ने नारालाई अभियानको रुपमा संचालन गरिनेछ।

१३०. मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

**गाउँसभाका सदस्य ज्यू हरु,**

राजनीतिक सामाजिक तथा आर्थिक उपलब्धीलाई संरक्षण गर्दै बोगटान फुडसिलको हित, गौरव, सम्मान र स्वाभिमान वृद्धि गर्न एवं बोगटान फुडसिललाई समृद्ध बनाउने



अध्यक्ष

CamScanner

मार्गदर्शकको दस्तावेजका रुपमा आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । बोगटान फुडसिललाई समृद्ध बनाउन सबै पालिकावासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । पालिका भित्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न, गुणस्तरीय शिक्षा प्रदान गर्न, स्वास्थ्यमा जनताको पहुँच सुनिश्चित गर्न, शासन सञ्चालन, विकास निर्माण र सेवाप्रवाहलाई दिगो, भरपर्दो, विश्वसनिय, सक्षम र प्रभावकारी बनाउन, रोजगारीको अवसरहरु सृजना गर्न तथा समाजमा विद्यमान गरिबी र असमानतालाई न्यूनिकरण गर्दै सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्न यो नीति तथा कार्यक्रम सहयोगी हुने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको निम्ति सरकारी, गैर सरकारी, निजी क्षेत्र, सहकारी क्षेत्र, सबै राजनीतिक दल, नागरिक समाज, समाजसेवी, बुद्धिजीवि तथा सबै सरोकारवालाहरुको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग र समन्वय गर्नु हुने जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी लगायत सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

२०८२ बैशाख २३ गते मंगलबार

.................................

कमल बहादुर गडसिला

अध्यक्ष

कमल बहादुर गडसिला

अध्यक्ष